**प्रेस विज्ञप्ति**

**२८ साउन २०८३**

## स्वर्गीय डा. देवेन्द्रराज पाण्डेको परिवारद्वारा तीन ओटा संस्थालाई रु. एक करोड दान

नेपालको लोकतान्त्रिक एवं नागरिक आन्दोलनका अगुवा, अर्थतन्त्र र विकास प्रशासनका ज्ञाता स्वर्गीय डा. देवेन्द्रराज पाण्डेको इच्छा बमोजिम उहाँको परिवारले प्राज्ञिक क्षेत्रका तीन संस्थाहरू—मार्टिन चौतारी, नर्थसाउथ कलेक्टिभ्स र एक सार्वजनिक संस्था—लाई कुल एक करोड रुपैयाँ दान गर्नुभएको छ। सो रकम तीन ओटै संस्थाबीच बराबरी भाग लाग्ने गरी २०८३ साउन २२ गते प्रदान गरिएको हो। उक्त रकम उहाँकी छोरी डा. प्रिनिति पाण्डेले सम्बन्धित संस्थाका प्रतिनिधिहरूलाई हाँडीगाउँस्थित आफ्नै निवासमा भेट गरी हस्तान्तरण गर्नुभएको थियो।

डा. पाण्डेले खास गरी नेपालको गरिबी न्यूनीकरण, समता, न्याय र मानवअधिकारसम्बन्धी अध्ययन, अनुसन्धानमा टेवा पुगोस् भन्ने उद्देश्यले उल्लिखित संस्थाहरूलाई आर्थिक सहयोग प्रदान गर्ने इच्छा प्रकट गर्नुभएको थियो। तर पछिल्लो केही वर्ष उहाँको स्वास्थ्य अवस्था सुखद रहेन र ८७ वर्षको उमेरमा प्राणघातक क्यान्सर रोग लागेको पत्ता लागेपछि उहाँको सम्पूर्ण ध्यान उपचारमै केन्द्रित भयो। रोग पत्ता लागेको केही महिनामा नै २०८३ साउन १ गते उहाँ दिवंगत हुनुभयो। दिवंगत हुनु केही समयअघि उहाँको आफ्नै संलग्नतामा तयार पारिएको सहयोग घोषणा सम्बन्धी वक्तव्य यसप्रकार छ :

> देवेन्द्रराज पाण्डेले नेपालमा अनुसन्धान र विकास कार्यमार्फत आफ्नो सम्पूर्ण जीवन समर्पित गर्नुभएका क्षेत्रहरू, विशेष गरी गरिबी न्यूनीकरण, समता, न्याय, र मानवअधिकारको उन्नयनमा केन्द्रित संस्थाहरूलाई सहयोग गर्न रु. १ करोड दान गर्नुभएको छ। तीन ओटा नेपाली संस्थाहरूबीचमा सो रकम बराबरी भाग लगाइनेछ, तसर्थ हरेकले कुल रकमको एक तिहाई प्राप्त गर्नेछन्।
>
> मार्टिन चौतारी र नर्थ साउथ कलेक्टिभ्सलाई प्रदान गरिएको रकम अनुसन्धान क्रियाकलापमा प्रयोग हुनेछ। हरेक संस्था आ-आफ्नो सञ्चालक समिति वा कार्यसमितिले उचित ठहर गरेअनुसार अनुसन्धान परियोजनामा यो रकम प्रयोग गर्न स्वतन्त्र हुनेछन्, जुन क्रियाकलापहरू गरिबी न्यूनीकरण, समता, न्याय र मानवअधिकार प्रवर्द्धनको वृहत् उद्देश्यसँग सम्बन्धित रहनेछन्।
>
> सार्वजनिक संस्थालाई प्रदान गरिएको रकम सीमान्तकृत समुदायभित्रका गरीब परिवारका बालबालिका र युवाहरूको शैक्षिक अवसर वृद्धि गर्ने क्रियाकलापमा प्रयोग हुनेछ।
>
> यस सहयोग रकमको परिचालन वा यसबाट सञ्चालित कार्यक्रमहरूका सम्बन्धमा लिइने कुनै पनि निर्णयहरूमा दाता र उनको परिवार संलग्न हुने छैनन्।

दान प्राप्त गर्ने संस्थाहरूमध्ये मार्टिन चौतारी २०४८ सालदेखि नै नेपालको सार्वजनिक वृत्तलाई समावेशी बनाउँदै नेपाली समाजका विविध सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक पक्षबारे गहन बहस/अनुसन्धान गर्दैआएको प्राज्ञिक संस्था हो । शुरूमा नेपालको विकासका विविध पाटोबारे बहस गर्ने उद्देश्यसहित अनौपचारिक छलफल समूहको रूपमा शुरू भएको यो संस्था २०५९ सालमा गैरसरकारी संस्थाका रूपमा काठमाडौँमा दर्ता भएको थियो । त्यसयता यसले सार्वजनिक छलफलका साथै अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय सञ्चालन मार्फत प्राज्ञिक क्षेत्रमा योगदान पुऱ्याउँदैआएको छ ।

त्यस्तै, नर्थ साउथ कलेक्टिभ्स नेपालको पूर्वी शहर विराटनगरमा वि.सं. २०७५ मा स्थापित अन्तरविधागत सामाजिक तथा नीति अनुसन्धान संस्था हो । यसले काठमाडौँको केन्द्रिकृत संरचना बाहिरै रहेर आफ्नो स्थापनाकालदेखि नै विविध सामाजिक-सांस्कृति-आर्थिक-राजनीतिक विषयमा सार्वजनिक बहस र अनुसन्धान गर्दैआएको छ ।

मार्टिन चौतारी र नर्थ साउथ कलेक्टिभ्सले स्व. डा देवेन्द्रराज पाण्डेले आफ्नो जीवन समर्पित गर्नुभएका विषय/क्षेत्रहरूमा केन्द्रित रही त्यसमा थप योगदान पुऱ्याउने उद्देश्यसहित अनुसन्धान कार्यमा प्राप्त सहयोग सदुपयोग गर्ने प्रतिबद्धता जनाएका छन् । स्व. डा देवेन्द्रराज पाण्डेको परिवारबाट प्राप्त सहयोग र उदारताप्रति दुवै संस्था हार्दिक कृतज्ञता प्रकट गर्दछन् ।

कुमार पाण्डे
अध्यक्ष
मार्टिन चौतारी
काठमाडौँ, नेपाल

दिनेश श्रेष्ठ
अध्यक्ष
नर्थ साउथ कलेक्टिभ्स
विराटनगर, नेपाल